सम्पूर्ण श्रमजिवी किसान एकजुट हौं !

# अखिल नेपाल किसान महासंघ
# All Nepal Peasants' Federation

राष्ट्रिय समिति
National Committee

मितिः २०७९ चैत्र ९

## अन्तरसमिति निर्देशन-१२

प्रिय कमरेडहरु,

अखिल नेपाल किसान महासंघ राष्ट्रिय समिति सचिवालयको सातौं बैठक र राष्ट्रिय समितिको चौथो पूर्ण बैठक महासंघका अध्यक्ष कमरेड डा. प्रेम दंगालको अध्यक्षतामा मिति २०७९ साल चैत्र ६ र ७ गते पश्चिम नवलपरासी जिल्लाको देवचुलीमा सम्पन्न भएको छ । बैठक बिशेषगरी हाम्रो गौरवशाली संगठनको सातौ महासम्मेलन तयारी संबन्धमा केन्द्रीत रहेको थियो । बैठकले गरेका महत्वपूर्ण निर्णयहरु कमरेडहरुकोबीचमा अन्तरसमिति निर्देशन १२ पठाईएको छ । उक्त निर्णयहरु प्रभावकारी रुपमा कार्यन्वयन गर्न/गराउनुहुन अनुरोध छ ।

**१. प्रतिवेदन सम्बन्धमाः** बैठकमा महासंघका अध्यक्ष कमरेडले किसान महासंघले सांगठनिक र आन्दोलनका क्षेत्रमा भएगरेका समग्र कामहरुको प्रतिवेदन बैठक समक्ष प्रस्तुत गर्नुभयो । त्यसैगरी महासंघ कोशी प्रदेशका संयोजक कमरेड दुर्गा थापा, गण्डकी प्रदेशका अध्यक्ष कमरेड गोबर्धन गौली, मधेश प्रदेशका संयोजक कमरेड राजकुमार उप्रेती, वाग्मती प्रदेशका संयोजक कमरेड कृष्ण अधिकारी, लुम्बिनी प्रदेश संयोजक आरति पौडेल, कर्णाली प्रदेशका अध्यक्ष कमरेड बखत बहादुर भण्डारी र सुदुरपश्चिम प्रदेशका संयोजक कमरेड भिम जनालाले आ-आफ्नो प्रदेशको प्रतिवेदन प्रस्तुत गर्नुभएको भयो । प्रस्तुत प्रतिवेदनहरुमाथि सम्बन्धित प्रदेश तथा उपस्थित कमरेडहरुले सुझावहरु राख्नुभएको थियो । प्रस्तुत प्रतिवेदन सुझाव सहित पारित गर्ने बैठकले निर्णय गरेको छ ।

**२. जिल्ला, प्रदेश तथा विषयगत संघका सम्मेलन सम्बन्धमाः** हालसम्म ५१ जिल्लाहरुमा महासंघका जिल्ला सम्मेलनहरु सम्पन्न भएका छन् । २ वटा प्रदेशहरु (कर्णाली र गण्डकी) का सम्मेलन भएका छन् । यतिवेला संगठनको सबै तहको नेतृत्वका कामहरु ((जनपरिचालन, प्रतिनिधि चयन, स्रोतको व्यवस्थापन) महासम्मेलन र दक्षिण एसियाली किसान सम्मेलनमा केन्द्रीकृत गर्नुपर्ने भएकोल मिति तय भएका जिल्लाका सम्मेलनहरु सम्पन्न गर्ने र मिति तय नभएका जिल्ला र सम्मेलन गर्न बाँकी प्रदेशका सम्मेलनहरु महासम्मेलन पश्चात आयोजना गर्ने गरी हाललाई स्थकित गर्ने बैठकले निर्णय गरेको छ ।

**३. मलको अनुदान कटौति गर्ने सरकारको निर्णयको विरोधका सम्बन्धमाः नेपाल सरकारले रासायनिक मलमा दिदै आएको अनुदान कटौति गरी मलको मुल्य बृद्धि गर्ने किसानमारा निर्णयको विरोधमा हाम्रो संगठन किसान महासंघ र अन्य किसान संघ संगठनहरुले देशैभरी संचालन गरेको शसक्त आन्दोलनको प्रभावका कारण** किसानका अगाडी सरकार घुडा टेक्न बाध्य भई निर्णय फिर्ता लिएको छ । यो आम नेपाली किसानको जीत हो । आन्दोलनको महत्वपूर्ण उपलब्धी हो । यो उपलब्धीलाई हामीले आमकिसानकोबीचमा पुर्याउनु पर्दछ । किसानको साथमा किसान महासंघ छ भन्ने संन्देश दिन जरुरी छ ।

किसान तथा आम श्रमजीवि जनताको पक्षमा गरिएको आन्दोलन सफल वनाउन अथक प्रयास गर्नु हुने महासंघको सिंगो टिम सम्पूर्ण किसान दाजुभाइ तथा दिदिबहिनीहरु, किसान संघ, संगठन, राजनीतिक दलहरु र पत्रकार तथा  संचार माध्यमलाई बैठकले धन्यवाद ज्ञापन गर्ने निर्णय गरेको छ।  साथैं सरकारको निरन्तर खबरदारी गर्दै निम्न बमोजिमका विषयहरुमा सरकारको ध्यानाकर्षण गराउने बैठकले निर्णय गरेको छ।

क) मलको अनुदान कटौति गरी मुल्य बृद्धि गर्ने निर्णय फिर्ता लिईसकेपछि पनि पून अध्ययन गरी व्यवस्थित गर्ने वहानामा नयाँ रणनीति लिने भनेर अनुदान कटौति गर्ने दुस्साहस नगरियोस।
ख) मलको सहज आपूर्तिको सुनिनिश्चिता गरियोस। मलको अभाव श्रृजना गरेर मुल्यबृद्धि गर्ने बाहाना नवनाइयोस।
ग) मलमा आत्मनिर्भर वन्नका लागि देशमै रासायनिक मल उत्पादन कारखाना खोल्ने र जैविक मल उत्पादनमा अनुदान प्रदान गरी किसानलाई सहयोग गरियोस।

**४. सदस्यता सम्बन्धमा :**  मुलुकभर हालसम्म करिब ५ लाख सदस्यता पत्र विभिन्न जिल्ला र विषयगत संगठनहरुमा पठाइएको बैठकमा प्रस्तुत प्रतिवेदनमार्फत जानकारी भएको तर निर्धारित संख्यामा सदस्यता वितरण गर्ने/ गराउने काम भएको छैन।  त्यसले सदस्यता वितरण, विस्तारलाई व्यपकता दिने र वितरित सदस्यताको विवरण एकिकृत गरी अभिलेख गर्ने काम नभएकोले यसलाई व्यवस्थित गर्न प्रभावकारी काम गर्न बैठकले सबै तहका समितिहरुलाई निर्देशन गर्ने निर्णय गरेको छ।

५. **कृषि क्रान्तिको कार्यक्रम, राजनीतिक तथा संगठनात्मक प्रतिवेदन सम्बन्धमा:** महासंघका अध्यक्ष कमरेड डा. प्रेम दंगालको संयोजकत्वमा गठित दस्तावेज लेखन उपसमितिका तर्फबाट नेपाली कृषिक्रान्तिको कार्यक्रम, राजनीतिक तथा संगठनात्मक प्रतिवेदन कमरेड डा. प्रेम दंगालले बैठकमा प्रस्तुत गर्दै प्रस्ताव गर्नुभएको थियो। उक्त प्रस्ताव उपरछलफल गरी यसलाई थप समृद्ध बनाउन कमरेडहरुका सुझावहरु राष्ट्रिय समितिको कार्यालयमा पठाउने र प्राप्त आवश्यक सुझावहरुलाई समावेश गर्ने गरी राजनीतिक तथा संगठनात्मक प्रतिवेदन बैठकले पारित गरेको छ।

**६ .विधान संसोधन सम्बन्धमा:** पदाधिकारीको बैठकले महासंघका उपाध्यक्ष कमरेड कमलराज श्रेष्ठको संयोजकत्वमा बिधान संसोधन उपसमिति गठन गरिएको थियो। उपसमितिको तर्फबाट उपाध्यक्ष कमरेड कमलराज श्रेष्ठले विधान संशोधन प्रस्ताव बैठकमा प्रस्तुत गर्नु भएको थियो। उक्त प्रस्तावमाथि छलफल भई आएका सुझावहरुलाई संलग्न गरी बिधान संसोधन प्रस्ताव पारित गर्ने बैठकले निर्णय गरेको छ।

**७. महासम्मेलन केन्द्रीत श्रोत व्यवस्थापन सम्बन्धमाः** महासंघका सचिव एवं आर्थिक विभाग प्रमुख कमरेड प्रेम नारायण अधिकारीले प्रस्ताव गर्नुभएको महासम्लेन सम्पन्न गर्न आवश्यक पर्ने स्रोत र खर्चको अनुमानित विवरण माथि छलफल गरी बैठकले आर्थिक कार्ययोजना पारित गरेको छ। बैठकले आयोजक सदस्य समितिका सदस्य कमरेडहरुलाई महासम्मेलन सहयोग स्वरुप न्यूनतम रु २ हजार तोकेको छ । प्रतिनिधि शुल्क रु १ हजार निर्धारण गर्ने बैठकले निर्णय गरेको छ । विभिन्न जिल्ला र विषयगत संगठनहरुलाई तोकेको दायित्व अनुसुचि १ मा संलग्न रहेको छ । आ–आफ्नो क्षेत्रलाई तोकेको दायित्व पूरा गर्नका लागि बैठकले निर्देशन गरेको छ। आर्थिक सहयोग संकलन कार्यलाई व्यापक र तिव्र बनाउन बैठकले सबै तह र आयोजक समितिका कमरेडहरुलाई निर्देशन गरेको छ ।

८. **महासम्मेलन तयारी कार्ययोजना सम्बन्धमाः** महासंघको सातौं महासम्मेलन यहि ०७९ चैत्र ३० र ०८० बैशाख १ गतेसम्म झापा जिल्लाको दमकमा आयोजना गर्ने निर्णय बैठकले गरेको छ। महाधिवेशनको मूल नारा “समाजबाद उन्मुख अर्थतन्त्रको निमार्ण, कृषि क्षेत्रमा आमुल परिबर्तन सहितको रुपान्तरण” भन्ने रहेको छ ।

**१. मुल व्यवस्थापन समितिः** महासम्मेलन भव्यताकासाथ सम्पन्न गर्न महासंघधका अध्यक्ष कमरेड डा. प्रेम दंगालको संयोजकत्वमा २१२५ सदस्यीय महासम्मेलन मूल व्यवस्थापन समिति गठन गरेको छ । समितिमा निम्न बमोजिमका कमरेडहरु रहनु हुने छ । राष्ट्रिय समितिका सम्पूर्ण सदस्यहरु, नेकपा (एमालें) कोशी प्रदेशका अध्यक्ष, सचिव तथा झापा, मोरङ, सुनसरी, उदयपुर र इलाम जिल्लाका पार्टी अध्यक्षहरु, महासंघका विभिन्न आयोगका सदस्यहरु, सल्लाहकारहरु, विशेषज्ञसभाका सदस्य, विभागका सदस्य, विषयगत संगठनका केन्द्रीय सदस्यहरु, कोशी प्रदेशका समितिका सदस्यहरु, झापा, मोरङ र सुनसरी जिल्ला महासंघका सदस्यहरु ।

**२. सचिवालयः** महासंघका पदाधिकारी, कोशी प्रदेश महासंघका पदाधिकारी, झापा, मोरङ र सुनसरी जिल्ला महासंघका अध्यक्ष कमरेडहरु र पार्टीकातर्फबाट पार्टी नेतृत्वसँग आवश्यक परामर्श गरी दैनानुदिन गर्नुपर्ने कामका लागि नेतृत्वदायी कमरेडहरु रहेको सचिवालय गठन गर्ने निर्णय बैठकले गरेको छ। यो समितिले मूल व्यवस्थापन समितिमको निर्देशन र समन्वयमा जनपरिचालनको समेत सबै कार्यको सहजीकरण र समन्वय गर्नेछ ।

**३. बैठकले निम्न बमोजिमका उपसमितिहरु गठन गर्ने निर्णय गरेको छ :**

**क) खाद्य तथा आवास उपसमितिः** उपाध्यक्ष कमरेड वेनु शिवाकोटीको संजोकत्वमा उपमहासचिव कमरेड बाबुराम थापा, सचिव कमरेडहरु रामशरण आले, रामशरण ढुंगाना, राजकुमार उप्रेति, सरिता भुसाल, कोशी प्रदेश महासंघका पदाधिकारी तथा महासंघ झापा जिल्लाका अध्यक्ष रहनु भएको छ ।

**ख) आर्थिक व्यवस्थापन उपसमितिः** महासंघका सचिव एवं आर्थिक विभाग प्रमुख कमरेड प्रेम नारायण अधिकारीको संयोजकत्वमा आर्थिक/श्रोत व्यवस्थापन उपसमिति गठन गरिएको छ । सदस्यहरु आवश्यक परामर्श गरी पछि थप गरिने छ ।

**ग) प्रतिनिधि व्यवस्थापन उपसमितिः** महासंघका सचिव तथा प्रचार तथा प्रकाशन विभागका प्रमुख कमरेड सरिता भुसालको संयोजकत्वमा कार्यालय सचिव सुजाता अधिकारी सदस्य रहेको **प्रतिनिधि व्यवस्थापन उपसमिति** गठन गरिएको छ । अन्य सदस्यहरु आवश्यकताका आधारमा पछि थप गरिनेछ ।

**घ) स्वयमसेवक उपसमितिः** महासंघ राष्ट्रिय समिति सचिवालय सदस्य कमरेड टेक बहादुर बोगटीको संयोजकत्वमा समिति गठन गरिएको छ । पार्टीको झापा जिल्ला समितिसँग आवश्यक परामर्श गरी सदस्यहरु थप गरिनेछ ।

कामको आवश्यकता आधारमा पार्टीसँग आवश्यक परामर्श गरी अन्य उपसमितिहरु गठन गरिने छ ।

**४. प्रतिनिधि छनौटः** महासम्मेलनका लागि प्रतिनिधि छनौटको निम्मानुसार गर्ने बैठकले निर्णय गरेको छः

| | | |
|---|---|---|
| १. राष्ट्रिय समितिका सदस्यहरु महासम्मेलन आयोजकको रुपमा | | ४०० |
| २. ७७ जिल्लाका ७७ वटा संघीय निर्वाचन क्षेत्रबाट ७७ x ३ | | २३१ |
| ३. थप अतिरिक्त ८८ वटा निर्वाचन क्षेत्रहरुबाट | | ८८ |
| ४. विषयगत संगठनका पदाधिकारीहरु | २२ x ३ | ६६ |
| ५. प्रदेश महासंघबाट | १५ x ७ | १०५ |
| ६ सल्लाहकार, आयाोग, विशेषज्ञसभा, विभाग | | ५० |
| ७. प्रदेश पदाधिकारी | | १० |
| जम्मा | | ९५० |
| मनोनित १० प्रतिशत | | ९५ |
| जम्मा | | १०४५ |

*नोटः प्रतिनिधि कुनै एक कृषि उग्पादन कार्यमा जोडिएको हुनुपर्नेछ ।*

९. **दक्षिण एसियाली किसान सम्मेलन** : महासंघको महासम्मेलन अगाडि चैत्र २९ र ३० गते दक्षिण एसियाली किसान सम्मेलन झापा जिल्लामा आयोजना गरिनेछ । उक्त सम्मेलनमा आएका दक्षिण एसिया नेपाल, भारत, वंगलादेश, पाकिस्तान र श्रीलंकाबाट किसानका विभिन्न संगठनबाट प्रतिनिधिहरु सहभागी रहनेछन् । केही किसान नेताहरु महासम्मेलनको उद्‌घाटनशत्रका अतिथि समेत हुने बैठकले निर्णय गरेको छ ।

१०. महासम्मेलन सम्पन्न र संगठनका अन्य काम सम्पादन गर्न राष्ट्रिय समितिले पदाधिकारी र सचिवालयलाई आवश्यक निर्णय गर्न सक्ने सहमति प्रदान गरेको छ ।

११. अखिल नेपाल किसान महासंघ राष्ट्रिय समिति सचिवालयको सातौ बैठक तथा राष्ट्रिय समितिको चौथौ पूर्ण बैठकको सम्पूर्ण व्यवस्थापन गरी बैठकलाई भव्य रुपमा सम्पन्न गरी सहयोग गर्नुभएकोमा महासंघ संचिवालय सदस्य कमरेड हरि न्यौपानेलाई बैठकले हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरेको छ ।

कमरेडहरु,
हाम्रो गौरवशाली संगठन अखिल नेपाल किसान महासंघको सातौं राष्ट्रिय महासम्मेलन भव्यताकासाथ सम्पन्न गरी किसान महासंघलाई वैचारिक, राजनीतिक र संगठनात्मक हिसावले सुदृढ र एकताबद्ध गरी किसान आन्दोलनलाई आम किसान र देशको पक्षमा नेतृत्व दिन सकौं भन्ने सबै कमरेडहरुलाई शुभकामना ।

क्रान्तिकारी अभिवादन सहित !

डा. प्रेम दंगाल
अध्यक्ष

अनुसुचि १.

| S.N. | District | Contribution | Handwritten notes |
|---|---|---|---|
| 1 | Jhapa | 100,000 | +400000 = 500000 |
| 2 | Ilam | 20,000 | |
| 3 | Panchthar | 10,000 | |
| 4 | Taplejung | 10,000 | |
| 5 | Morang | 100,000 | +4000000 = 500,000. |
| 6 | Sunsari | 100,000 | +4000000 = 500000.00 |
| 7 | Bhojpur | 10,000 | |
| 8 | Dhankuta | 10,000 | +10000 = 20000 |
| 9 | Terhathum | 10,000 | +20,000 = 20000/- |
| 10 | Sankhuwasabha | 10,000 | |
| 11 | Udayapur | 20,000 | +20,000 = 40000 |
| 12 | Khotang | 10,000 | |
| 13 | Okhaldhunga | 10,000 | |
| 14 | Solukhumbu | 10,000 | |
| 15 | Saptari | 30,000 | |
| 16 | Siraha | 30,000 | |
| 17 | Dhanusa | 30,000 | |
| 18 | Mahottari | 30,000 | |
| 19 | Sarlahi | 30,000 | |
| 20 | Bara | 30,000 | +4,70,000/- = 500000 |
| 21 | Parsa | 30,000 | + 20,000 50000 |
| 22 | Rautahat | 30,000 | |
| 23 | Dolakha | 10,000 | |
| 24 | Sidhuli | 10,000 | |
| 25 | Ramechhap | 10,000 | |
| 26 | Bhaktapur | 20,000 | +30000 50,000 |
| 27 | Dhading | 20,000 | +30000 50000 |
| 28 | Kathmandu | 40,000 | + 4,60,000 500000 |
| 29 | Kavrepalanchok | 20,000 | + |
| 30 | Lalitpur | 20,000 | +80000 |
| 31 | Nuwakot | 10,000 | |
| 32 | Rasuwa | 5,000 | |
| 33 | Sindhupalchok | 20,000 | |
| 34 | Chitwan | 40,000 | |
| 35 | Makwanpur | 40,000 | |
| 36 | Manang | 5,000 | |

| | | |
|---|---|---|
| 37 Mustang | 5,000 | |
| 38 Myagdi | 10,000 | |
| 39 Parbat | 10,000 | |
| 40 Baglung | 10,000 | |
| 41 Gorkha | 10,000 | |
| 42 Kaski | 20,000 | + 80,000 |
| 43 Lamjung | 40,000 | |
| 44 Syangja | 40,000 | |
| 45 Tanahun | 20,000 | |
| 46 Kapilvastu | 20,000 | |
| 47 Nawalpur | 20,000 | |
| 48 Parasi | 20,000 | |
| 49 Rupandehi | 40,000 | + 60,000/- |
| 50 Banke | 20,000 | + 80000 |
| 51 Bardiya | 50,000 | |
| 52 Arghakhanchi | 10,000 | |
| 53 Gulmi | 10,000 | |
| 54 Palpa | 10,000 | |
| 55 Dang | 10,000 | |
| 56 Pyuthan | 5,000 | |
| 57 Rolpa | 5,000 | |
| 58 Rukum East | 5,000 | |
| 59 Rukum West | 5,000 | |
| 60 Salyan | 5,000 | |
| 61 Dolpa | 5,000 | |
| 62 Humla | 5,000 | |
| 63 Jumla | 5,000 | |
| 64 Kalikot | 5,000 | |
| 65 Mugu | 5,000 | |
| 66 Surkhet | 20,000 | |
| 67 Dailekh | 20,000 | |
| 68 Jajarkot | 5,000 | |
| 69 Kailali | 10,000 | |
| 70 Achham | 5,000 | |
| 71 Doti | 5,000 | |
| 72 Bajhang | 5,000 | |
| 73 Bajura | 5,000 | |

| | |
|---|---|
| 74 Kanchanpur | 5,000 |
| 75 Dadeldhura | 5,000 |
| 76 Baitadi | 5,000 |
| 77 Darchula | 5,000 |
| **Total:** | **1,460,000** |

५०२०,०००

| Thematic Associations | Contribution |
|---|---|
| Mushroom Association | 20,000 |
| Vegetable Producers Association | 20,000 |
| Bees Association | 10,000 |
| Fish Association | 20,000 |
| Flowers Association | 20,000 |
| Pashupalan Association | 20,000 |
| Khadya Bali Association | 10,000 |
| Alaichi Association | 10,000 |
| Yuwa | 10,000 |
| Mahila | 10,000 |
| Dairy Producers | 10,000 |
| Masala Bali | 10,000 |
| Jadibuti | 10,000 |
| Falful | 20,000 |
| Krishi Ban | 20,000 |
| Sichai tatha Jal Upabhokta | 20,000 |
| Supari | 5,000 |
| Chiya | 10,000 |
| Coffee | 10,000 |
| Panchi | 10,000 |
| Ukhu | 10,000 |
| **Total** | ~~**285,000**~~ 345,000 |